तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ | संख्या : २ | मिति : २०७९।०९।०६

भाग – २

**तादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खरानीटार, नुवाकोट**

वागमती प्रदेश, नेपाल

## सुत्केरी पोषण भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९

(तादि गाउँ कार्यपालिकाबाट पारित तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।)

**प्रस्तावना**

संविधानको धारा १८ को उपदफा ३ मा व्यवस्था भएको समतामूलक (Equitable) प्रावधानको भावनालाई मनन गर्दै गाउँपालिका क्षेत्रभित्रका सुत्केरी महिलाहरुको कमजोर स्वास्थ्य अवस्थालाई मध्यनजर राखी आमा तथा नवजात शिशुको पोषण स्तर कायम राख्दै निरोगी नागरिक बनाउन गाउँपालिकाले आफ्नो अभिभावकिय दायित्व पुरा गर्नु बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम **यो सुत्केरी पोषण भत्ता वितरण तथा गर्भवति पोषण कार्यक्रम व्यवस्थापन कार्यविधि २०७९** बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "सुत्केरी पोषण भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "उपाध्यक्ष" भन्नाले तादी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "वडा अध्यक्ष" भन्नाले तादी गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "गाउँ सभा" भन्नाले तादी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले तादी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "सुत्केरी महिला" भन्नाले यस कार्यक्रमको प्रयोजनको लागि यसै गाँउपालिका भित्र स्थायी बसोबास गर्दै आएका विवाहित महिलाहरुले सन्तान लाई जन्म दिदाँको अवस्था लाई सम्झनुपर्छ ।

**३. सुत्केरी महिलाहरुका लागि पोषण भत्ता वितरणका उदेश्यहरु :**

(क) सुत्केरी महिलाहरुको कमजोर स्वास्थ्य अवस्थालाई थप बिग्रन नदिने ।

(ख) नवजात शिशुको स्वास्थ्य समेत जोगाईराख्न आमालाई पोषिलो आहार खुवाउने ।

(ग) नवजात अवस्थामा हुनसक्ने विभिन्न स्वास्थ्य समस्या लगायत संक्रमण बाट शिशुलाई जोगाउन

**४. सुत्केरी महिलाहरुका लागि पोषण भत्ता कार्यक्रम संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :**

(क) गाउँपालिकामा सुत्केरी महिलाहरु लाई पोषण भत्ता वितरण कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको सञ्चालन समितिको गठन हुनेछ ।

(१) गाउँपालिकाको उपाध्यक्ष – संयोजक
(२) संयोजकले तोकेको कार्यपालिकाको महिला सदस्य १ जना –सदस्य
(३) महिला शाखा प्रमुख –सदस्य सचिव

नोटः भत्ता वितरण सम्बन्धमा कुनै विवाद उत्पन्न भई खास निर्णय गर्नुपरेमा गा.पा को अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत तथा लाभग्राहीहरुको सम्बन्धित वडाका अध्यक्ष लाई आमन्त्रित सदस्यको रुपमा समितिको बैठकमा सहभागी गराउन सकिनेछ ।

(ख) दफा ४ (क) बमोजिम गठित समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

ग) **समितिको काम, कर्तव्य देहाय बमोजिम हूनेछ :**

(१) सुत्केरी महिलाहरुले आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने ।

(२) भत्ता माग गर्ने लाभग्राहीले अनुसूची १ बमोजिम पेश गरेको निवेदन र अन्य कागजातका आधारमा भत्ता दिन सकिने वा नसकिने व्यहोरा यकीन गरी सोही बमोजिम निर्णय गर्ने ।

(३) समितिको निर्णयबाट खर्च भएको पोषण भत्ता रकमको विवरण चौमासिक महिना समाप्त भएपछि बस्ने गाउँ कार्यपालिकाको बैठकमा पेश गरि अनुमोदन गराउनुपर्नेछ ।

(घ) समितिको बैठक आवश्यता अनुसार बस्न सक्नेछ ।

(ङ) गाउँ सभाबाट सम्बन्धित आ.व.मा विनियोजित बजेटको अधिनमा रहि पोषण भत्ता वितरण गर्दा लाभग्राहीको संख्या बढि भई रकम अभाव भएमा आगामी आ.व.मा थप बजेट विनियोजन गरि गत वर्षका बाँकी निवेदनहरुको कार्यान्वयन गर्ने वा नगर्ने एवं लाभग्राहीको संख्या घटि भई कुनै आ.व.मा रकम खर्च हुन नसकेमा सो रकम गर्भवती तथा सुत्केरीहरुको पोषणयुक्त खानेकुरा वितरण कार्यक्रममा खर्च गर्ने ।

**५. लाभग्राहीले पेश गर्नु पर्ने निवेदन र अन्य आवश्यक कागजातहरु**

१) सुत्केरी महिलाहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२) सुत्केरी महिलाको स्थायी ठेगाना तादी गाँउपालिका भन्दा बाहिर भएकोमा बसाँई सराईको प्रमाणपत्र वा सम्बन्धित वडाबाट अस्थायी बसोबास गरिरहेको सिफारिश पत्र ।

३) निवेदन र तोकिएका अन्य कागजातहरु प्राप्त भएपछि समितिको तर्फबाट संयोजकले रुजु गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रति सुत्केरी रु २००० । का दरले भुक्तानी प्रकृया अगाडि बढाउनु पर्नेछ ।

**६. विविध :**

क) यस कार्यबिधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४, तादी गाउँपालिकाको आर्थिक ऐन र प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

ख) यसअघि सुत्केरी पोषण भत्ता सम्बन्धि भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ग) यस कार्यविधिमा भएका प्रावधान हरुको सम्बन्धमा कुनै संशोधन गर्न मनासिव ठानेमा कार्यपालिकाको बैठकबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

## अनुसुची-१

## सुत्केरी पोषण भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९ को दफा ५(१) संग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

तादी गाउँपालिका ।

**विषय :- सुत्केरी पोषण भत्ताको लागि निवेदन पेश गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा नुवाकोट जिल्ला तादी गाउँपालिका वडा नं........................टोल बस्ने ........................................ को बुहारी...............................को श्रीमती वर्ष.........को म....................................... मिती ........................मा ...............................स्वास्थ्य संस्थामा नवजात सन्तानलाई सुरक्षितरुपमा जन्म दिएकोमा तपशिलमा उल्लेख गरिएका कागजातहरु संलग्न राखी गाउँपालिकाबाट सुत्केरी पोषण भत्ता पाउन यो निवेदन पेश गरेको छु ।

**<u>संलग्न कागजातहरु :√ लगाउनुहोस्</u>**

१) नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपी
२) विवाह दर्ता प्रमाणपत्र (माईतिबाटै नागरिकता बनाएकोमा)
३) स्वास्थ्य संस्थाको जन्म प्रमाणपत्र
४) घरमा वा बाटोमा जाँदै गर्दा प्रसुति भएकोमा नियमित ४ पटक गर्भजाँच गराएको सम्बन्धित स्वास्थ्य कार्यालयको निस्सा
५) बसाँई सराईको प्रमाणपत्र वा अस्थायी बसोबास गरिरहेको सिफारिश पत्र

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
मिति :
सम्पर्क नं

**आज्ञाले**
**प्रयास भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**